# खिजीदेम्वा गाउँपालिका
# खिजीफलाटे, ओखलढुंगा
# कोशी प्रदेश, नेपाल

## स्थानीय राजपत्र

**भागः२ खण्डः६ संख्याः१ मितिः२०८२/०६/२९**

**कार्यपालिकाबाट जारी नियमावली निर्देशिका र कार्यविधिहरु नेपालको संविधानको धारा २२६ बमोजिम खिजीदेम्वा गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ।**

## विद्यालय कर्मचारी र प्रारम्भिक बालविकास सहजकर्ता (शिक्षक)छनोट तथा व्यवस्थापन कार्यविधि,२०८२

**विद्यालय कर्मचारी र प्रारम्भिक बालविकास सहजकर्ता (शिक्षक) छनोट तथा व्यवस्थापन कार्यविधि,२०८२**

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति-२०८२/ ०६/२९

**प्रस्तावना:** यस श्री खिजीदेम्वा गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा शिक्षक दरबन्दी कम तथा विषयगत र तहगत शिक्षक दरबन्दी पर्याप्त नभएको कारणले विद्यालयको नियमित पठनपाठन सञ्चानलमा समस्या आउनुको साथै शैक्षिक गुणस्तर न्यून देखिएको छ । उक्त समस्यालाई विद्यालय कर्मचारी तथा प्रारम्भिक बाल विकास सहजकर्ताको कोटामा निष्पक्ष र पारदर्शी ढंगले दक्ष र योग्यता प्राप्त कर्मचारी छनौट तथा व्यवस्थापनबाट समेत केही हदसम्म समाधान गरी विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्ने उद्देश्यले शिक्षा ऐन २०२८, शिक्षा नियमावली २०५९, (संशोधन सहित), तथा स्थानीय सरकार सञ्चालन ऐन २०७५ को अधिनमा रही यो "विद्यालय कर्मचारी र प्रारम्भिक बाल विकास सहजकर्ता (शिक्षक) छनौट तथा व्यवस्थापन कार्यविधि,२०८२" तयार गरिएको छ।

## परिच्छेद-एक

## <u>प्रारम्भिक</u>

१.संक्षिप्त नाम र प्रारम्भ:

१.१.यो कार्यविधिको नाम "विद्यालय कर्मचारी र प्रारम्भिक बाल विकास सहजकर्ता (शिक्षक) छनौट तथा व्यवस्थापन कार्यविधि,२०८२" रहेको छ ।

१.२.यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागु हुनेछ ।

१.३ यो कार्यविधि खिजीदेम्वा गाँउपालिकको क्षेत्रभित्रका सामुदायिक विद्यालय तथा बालविकास केन्द्रहरुमा मात्र लागु हुने ।

**२.परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "अनुमति" भन्नाले शिक्षा ऐन, २०२८ तथा शिक्षा नियमावली २०५९ अनुसार तोकिएको निकायले दिएको स्वीकृती वा अनुमति सम्झनु पर्दछ । साथै यो शव्दले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार स्थानीय तहले दिएको अनुमतिलाई समेत जनाउँदछ ।

ख) "ऐन" भन्नाले शिक्षा ऐन, २०२८ तथा सोताङ गाउँकार्यपालिकाले निर्माण गरेको शिक्षा ऐन,२०७५ लाई समेत जनाउँदछ।

ग) "नियमावली" भन्नाले शिक्षा नियमावली,२०५९ सम्झनु पर्दछ ।

घ) "विद्यालय" भन्नाले खिजीदेम्वा गाउँलिका भित्र सञ्चालित सामुदिक  विद्यालय सम्झनु पर्छ ।

ङ) "शिक्षक दरबन्दी" भन्नाले विद्यालयमा नेपाल सरकार तथा स्थानीय सरकारले उपलब्ध गराएको दरबन्दी तथा राहत दरबन्दी सम्झनु पर्छ ।

च) "स्थानीय तह" भन्नाले खिजीदेम्वा  गाउँपालिका, ओखलढुङ्गालाई सम्झनु पर्छ ।

छ) "आचार संहिता" भन्नाले शिक्षकले शिक्षा ऐन,२०२८ तथा शिक्षा नियमावली,२०५९ मा व्यवस्था गरिएको शिक्षकले पालना गर्नुपर्ने सम्पूर्ण आचारसंहिता वुझ्नुपर्दछ ।

ज) "विद्यालय कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा रहने विद्यालय सहयोगी कर्मचारी र विद्यालय सहायक कर्मचारी कोटाको कर्मचारी सम्झनु पर्दछ ।

झ) "प्रारम्भिक बाल विकास सहजकर्ता " भन्नाले तत्कालिन जिल्ला शिक्षा कार्यालय तथा स्थानीय तहबाट बितरण भएका बाल विकास कोटाको सहजकर्ता (शिक्षक) सम्झनुपर्दछ ।

३.**उद्देश्य**: सामुदायिक विद्यालयमा दक्ष विद्यालय कर्मचारी र बाल विकास सहजकर्ता(शिक्षक) छनौट तथा व्यवस्थापन गरी शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने ।

## परिच्छेद दुई
## छनौट समिति,पाठ्यक्रम तथा कर्मचारी नियुक्ति प्रक्रिया

### २.१.विद्यालय कर्मचारी र बालविकास सहजकर्ता छनौट तथा सिफारिस (परीक्षा ) समिति:

"विद्यालय कर्मचारी र प्रारम्भिक बाल विकास सहजकर्ता (शिक्षक) छनौट तथा सिफारिस समिति देहाय वमोजिम रहनेछ ।

क. विद्यालय व्यवस्थापन समिति अध्यक्ष - संयोजक

ख. गाउँपालिकाले सूचिकृत गरेको विज्ञहरुमध्येबाट शिक्षा शाखाले तोकेको २ जना (विषयविज्ञ)- सदस्य

ग. शिक्षा अधिकृत वा शिक्षा शाखा प्रतिनिधि- सदस्य

घ. विद्यालयको प्रधानाध्यपक- सदस्य सचिव

**२.२.पाठ्यक्रमः**

**२.२.१ बालविकास सहजकर्ता (शिक्षकको लागि)**

क. बस्तुगत (सामान्य परीक्षा)- २० अंक

ख. विषयगत (लिखित परीक्षा)- ३० अंक

ग. मौखिक परीक्षा (अन्तर्वार्ता)- १५ अंक

घ. प्रयोगात्मक तथा कम्प्युटर सीप परीक्षण (आवश्यक्ता अनुसार)

**<u>लिखित परीक्षा योजना</u>**

| विषय क्षेत्र | पूर्णाङ्क | प्रश्न संख्या | अंकभार | परीक्षा प्रणाली | समय |
|---|---|---|---|---|---|
| सामान्य परीक्षा | २० | १० | १०*२=२० | बस्तुगत/बहुबैकल्पिक | २० मिनेट |
| विषयगत परीक्षा | ३० | ६ | ६*५=३० | विषयगत/लिखित | १:०० घण्टा |

क.बस्तुगत (सामान्य परीक्षा)- २० अंक

| क्र.स. | विषय क्षेत्र | प्रश्न संख्या | अंक | अंक भार |
|---|---|---|---|---|
| १ | शिक्षा नियमावली,२०५९ | १ | १*२ | २ |

| | | | | |
|---|---|---|---|---|
| २ | शिक्षा एन,२०२८ | १ | १*२ | २ |
| ३ | प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन सम्बन्धी निर्देशिका, २०६१ | १ | १*२ | २ |
| ४ | प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति , २०७७-२०८८ | २ | २*२ | ४ |
| ५ | प्रारम्भिक बालविकास र शिक्षाको पाठ्यक्रम, २०७७ | २ | २*२ | ४ |
| ६ | कम्प्युटर सम्बन्धी | १ | १*२ | २ |
| ७ | शिक्षण सिकाइ योजना र शिक्षण विधि | १ | १*२ | २ |
| ८ | शिक्षण सामग्री | १ | १*२ | २ |
| जम्मा | | १० | २ | २० |

ख. विषयगत (लिखित परीक्षा)- ३० अंक

| क्र.स. | विषय क्षेत्र | प्रश्न संख्या | अंक | अंक भार |
|---|---|---|---|---|
| १ | नेपाली शिक्षण | १ | १*५ | ५ |
| २ | अंग्रेजी शिक्षण | १ | १*५ | ५ |
| ३ | गणित शिक्षण | १ | १*५ | ५ |
| ४ | प्रारम्भिक बालविकास र शिक्षाको पाठ्यक्रम, २०७७ | १ | १*५ | ५ |

| | | | | |
|---|---|---|---|---|
| ५ | प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति , २०७७-२०८८ | १ | १*५ | ५ |
| ६ | शैक्षणिक योजना र शिक्षण विधि | १ | १*५ | ५ |
| जम्मा | | ६ | ५ | ३० |

ग. मौखिक परीक्षा (अन्तर्वार्ता)

| व्यक्तित्व/ प्रस्तुती | विषयवस्तुको ज्ञान | अनुभव | शैक्षिक योग्यता | जम्मा |
|---|---|---|---|---|
| २.५ | ५ | २.५ | ५ | १५ |

### २.२.२. विद्यालय सहायक कर्मचारीको लागि

क. बस्तुगत (सामान्य परीक्षा)- २० अंक

ख. विषयगत (लिखित परीक्षा)- ३० अंक

ग. मौखिक परीक्षा (अन्तर्वार्ता)- १५ अंक

घ. प्रयोगात्मक (कम्प्युटर सीप परीक्षण)-१० अंक

**लिखित परीक्षा योजना**

| विषय क्षेत्र | पूर्णाङ्क | प्रश्न संख्या | अंकभार | परीक्षा प्रणाली | समय |
|---|---|---|---|---|---|
| सामान्य परीक्षा | २० | १० | १०*२=२० | बस्तुगत/बहुबैकल्पिक | २० मिनेट |
| विषयगत परीक्षा | ३० | ६ | ६*५=३० | विषयगत/लिखित | १:०० घण्टा |

क.बस्तुगत (सामान्य परीक्षा)- २० अंक

| क्र.स. | विषय क्षेत्र | प्रश्न संख्या | अंक | अंक भार |
|---|---|---|---|---|
| १ | शिक्षा नियमावली,२०५९ | १ | १*२ | २ |
| २ | शिक्षा एन,२०२८ | १ | १*२ | २ |
| ३ | नेपालको संविधान | १ | १*२ | २ |
| ४ | स्थानीय सरकार सञ्चालन एन,२०७४ | १ | १*२ | २ |
| ५ | IEMIS | १ | १*२ | २ |
| ६ | कार्यालय सञ्चालन र संगठनात्मक व्यवहार | १ | १*२ | २ |
| ७ | कम्प्युटर सम्बन्धी | २ | २*२ | ४ |
| ८ | कार्यालय व्यवस्थापन | १ | १*२ | २ |
| ९ | परीक्षा र मूल्यांकन | १ | १*२ | २ |
| जम्मा | | १० | २ | २० |

ख. विषयगत (लिखित परीक्षा)- ३० अंक

| क्र.स. | विषय क्षेत्र | प्रश्न संख्या | अंक | अंक भार |
|---|---|---|---|---|
| १ | नेपाली शिक्षण | १ | १*५ | ५ |
| २ | अंग्रेजी शिक्षण | १ | १*५ | ५ |
| ३ | गणित शिक्षण | १ | १*५ | ५ |

|  |  |  |  |  |
|---|---|---|---|---|
| ४ | पत्र व्यवहार | २ | २*५ | १० |
| ५ | अभिलेख व्यवस्थापन | १ | १*५ | ५ |
| जम्मा | | ६ | ५ | ३० |

ग. प्रयोगात्मक (कम्प्युटर सीप परीक्षण): १० अंक

| क्र.स. | विषय क्षेत्र | पूर्णांक |
|---|---|---|
| १ | Nepali Typing | २ |
| २ | Excel | ३ |
| ३ | Email Internet | ३ |
| ४ | Setting | २ |
| जम्मा | | १० |

घ. मौखिक परीक्षा(अन्तर्वार्ता):

| व्यक्तित्व/ प्रस्तुती | विषयवस्तुको ज्ञान | अनुभव | शैक्षिक योग्यता | जम्मा |
|---|---|---|---|---|
| २.५ | ५ | २.५ | ५ | १५ |

**२.२.३ विद्यालय सहयोगी कर्मचारीको लागि**

क. बस्तुगत (सामान्य परीक्षा)- २० अंक

ख. विषयगत (लिखित परीक्षा)- ३० अंक

ग. मौखिक परीक्षा (अन्तर्वार्ता)- १५ अंक

घ. प्रयोगात्मक तथा कम्प्युटर सीप परीक्षण (आवश्यक्ता अनुसार)

क.बस्तुगत (सामान्य परीक्षा)- २० अंक

| क.स. | विषय क्षेत्र | प्रश्न संख्या | अंक | अंक भार |
|---|---|---|---|---|
| १ | शिक्षा नियमावली,२०५९ | १ | १*२ | २ |
| २ | शिक्षा एन,२०२८ | १ | १*२ | २ |
| ३ | नेपालको संविधान | १ | १*२ | २ |
| ४ | स्थानीय सरकार सञ्चालन एन,२०७४ | १ | १*२ | २ |
| ५ | शिक्षक सेवा आयोग,२०५७ | १ | १*२ | २ |
| ६ | पाठ्यक्रम र पाठ्यपुस्तक | १ | १*२ | २ |
| ७ | परीक्षा र मूल्यांकन | १ | १*२ | २ |
| ८ | कम्प्युटर सम्बन्धी | १ | १*२ | २ |
| ९ | शिक्षण सिकाइ योजना र शिक्षण विधि | १ | १*२ | २ |
| १० | शिक्षण सामग्री | १ | १*२ | २ |
| जम्मा | | १० | २ | २० |

ख. विषयगत (लिखित परीक्षा)- ३० अंक

| क.स. | विषय क्षेत्र | प्रश्न संख्या | अंक | अंक भार |
|---|---|---|---|---|
| १ | नेपाली शिक्षण | १ | १*५ | ५ |
| २ | अंग्रेजी शिक्षण | १ | १*५ | ५ |

| | | | | |
|---|---|---|---|---|
| ३ | गणित शिक्षणु | १ | १*५ | ५ |
| ४ | पत्र व्यवहार | १ | १*५ | ५ |
| ५ | अभिलेख व्यवस्थापन | १ | १*५ | ५ |
| ६ | शैक्षणिक योजना र कक्षाकोठा व्यवस्थापन | १ | १*५ | ५ |
| जम्मा | | ६ | ५ | ३० |

ग. मौखिक परीक्षा(अन्तर्वार्ता):

| व्यक्तित्व/ प्रस्तुती | विषयवस्तुको ज्ञान | अनुभव | शैक्षिक योग्यता | जम्मा |
|---|---|---|---|---|
| २.५ | ५ | २.५ | ५ | १५ |

घ.२.२.३ मा विद्यालय सहयोगी कर्मचारीको पाठ्यक्रम तथा परीक्षा योजनाको सम्बन्धमा जुनसुकै कुरा लेखिएको भएता पनि विद्यालयले चाहेमा विद्यालयको आवश्यक्ता र निर्णयानुसार अन्तर्वार्ता (मौखिक परीक्षा) बाट मात्र कर्मचारी छनौट गर्न सकिनेछ र मौखिक परीक्षाको मापदण्ड परीक्षा समितिले नै निर्धारण गर्न सक्नेछ ।

**२.२.४ मौखिक परीक्षा(अन्तर्वार्ता) को मूल्यांकनका थप आधारहरु (२.२.३ घ को अवस्था बाहेक):**

१. कुनै पनि विद्यालय वा शैक्षिक संस्थामा सम्बन्धित पदमा रहेर सेवा गरेको भएमा प्रति वर्ष ०.५ का दरले बढीमा ५ वर्षको २.५

अंक अनुभव बापत परीक्षार्थीले पाउनेछ । उक्त अंक प्राप्त गर्नको लागि अनुभवको प्रमाणित कागज अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।
२.शैक्षिक योग्यता बापत तोकिएको न्यूनतम शैक्षिक योग्यता हासिल गरेकोलाई प्रथम श्रेणीको ३ अंक, द्वितिय श्रेणीको २ अंक साथै माथिल्लो शैक्षिक योग्यता गरेको भए प्रथम श्रेणीको थप २ अंक र द्वितीय श्रेणीको १ अंक परीक्षार्थीले पाउनेछ।

**२.३ परीक्षा केन्द्र** : खिजिदेम्वा गाँउपालिका, गाँउ कार्यपालिकाको कार्यालय

**२.४. नियुक्ति प्रक्रिया:**

क. विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार कम्तिमा ७ दिनको म्याद राखी दरखास्त आहवानको सूचना प्रकाशन गर्नु पर्दछ ।

ख.लिखित तथा मौखिक परीक्षाको प्राप्ताङ्कको आधारमा योग्यताक्रम अनुसार सफल उम्मेद्वारहरुको नामावली सहित नतिजा प्रकाशन गर्नु पर्दछ ।

घ.योग्यताक्रमको आधारमा सफल र बैकल्पिक उम्मेद्वार कर्मचारी\सहजकर्ता छनौट तथा सिफारिस (परीक्षा) मसितिले सीफारिस गरिनेछ।

ङ.सिफारिस गरिएको मितिले ३ दिन भित्र उम्मेद्वारले सिफारिस भएको विद्यालयमा सम्पर्क गरिसक्नु पर्नेछ ।

च.सम्बन्धित विद्यालयले सिफारिस भएको मितिले ५ दिन भित्र कर्मचारी\सहजकर्तालाई नियुक्ति गरिसक्नु पर्नेछ।

छ. नियुक्त पत्र पाएको मितिले ३ दिन भित्र उम्मेदवार विद्यालयमा हाजिरी भईसक्नु पर्नेछ । अन्याथा स्वत: बैकल्पिक उम्मेद्वारलाई विद्यालयले नियुक्ति गर्न सक्नेछ।

ज. प्रथम पटक एक शैक्षिक सत्रको लागि करार नियुक्ति गरिनेछ।

झ. नियुक्ति गरिएको कर्मचारी वा सहजकर्ताले चित्त वुझ्दो काम नगरेमा वा आचारसंहिता विपरित काम गरेमा वि.व्य.स.को निर्णयले जुनसुकै वखत पद मुक्त गर्न सक्नेछ, तर नीजलाई पदबाट बर्खास्त गर्नुभन्दा अगाडि सफाइ पेश गर्ने मौका दिईनेछ।

ञ.यदि कुनै कर्मचारी वा सहजकर्तालाई पदबाट मुक्त गरेको भएमा सो को जानकारी विद्यालयले गाउँपालिकालाई ३ दिई पुन नँया नियुक्ति प्रक्रिया अगाडि बढाउनु पर्नेछ ।

**ट. २.४.**को विभिन्न बुँदाहरुमा जुनसुकै कुरा लेखिएको भएतापनि यदि कुनै विद्यालयमा शिक्षक व्यवस्था नहुँदा विदयालयको प्रशासनिक कामकाज गर्न असहज भएको अवस्थामा विद्यालयसंग समन्वय गरी गाउँपालिकाले नै विज्ञापन प्रकाशन र सहजकर्ता/कर्मचारी छनौट गरी विद्यालयमा सिफारिस गर्न सकिनेछ तर कर्मचारी वा सहजकर्ता छनौट परीक्षामा सम्बन्धित विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वा प्रतिनिधि अनिवार्य सहभागी हुनु पर्नेछ ।

२.५ विद्यालय कर्मचारी तथा बालविकास कर्मचारी छनौट लिखित परीक्षाको उतीर्णाङ्क जम्मा पूर्णाङ्कको ४० प्रतिशत रहनेछ ।

## परिच्छेद - तीन

## उम्मेद्वारको योग्यता तथा अन्य व्यवस्था

**३.१.आवश्यक शैक्षिक योग्यता**

क. विद्यालय सहायक कर्मचारी र बाल विकास सहजकर्ताको लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट आइ. एड. वा सो सरह उत्तीर्ण गरेको र विद्यालय सहयोगी कर्मचारीको लागि माध्यामिक शिक्षा परीक्षा (SEE) उतीर्ण गरेको। तर यो कार्यविधि लागु हुनु भन्दा अगाडि नियुक्ति भएका कर्मचारी तथा सहजकर्ताको हकमा लागु हुने छैन।

**३.२. उम्मेद्वारको लागि अयोग्यता-** देहायका व्यक्तिहरु कर्मचारी पदमा उम्मेद्वार हुनको लागि योग्य हुन सक्ने छैन-

क) गैर नेपाली नागरिक,

ख)१८ वर्ष पुरा नभएको,

ग) ४० वर्ष पूरा भएको,

घ) मगज बिग्रेको,

ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको,

च) भविष्यमा सरकारी नोकरी वा शिक्षक सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको।

**३.३.<u>बिदा</u>-** कर्मचारी तथा सहजकर्ताले  शिक्षा ऐन,२०२८ तथा शिक्षा नियमावली,२०५९ मा व्यवस्था गरिएको शिक्षकले पाउने बिदा सरह नै बिदा पाउनेछ।

**३.४. <u>आचर संहिता</u>**- कर्मचारी तथा सहजकर्ताले  शिक्षा ऐन,२०२८ तथा शिक्षा नियमावली,२०५९ मा व्यवस्था गरिएको शिक्षकले पालना गर्नुपर्ने सम्पूर्ण आचारसंहिता अनिवार्य पालना गर्नूपर्नेछ । साथै अन्य आचारसंहिता विद्यालयले बनाई लागु गर्न सक्नेछ।

**३.५. <u>पारिश्रमिक तथा भत्ता</u>**: विद्यालय कर्मचारी तथा सहजकर्ताको पारिश्रमिक तथा अन्य भत्ता नेपाल सरकार तथा स्थानीय सरकारले तोके बमोजिम रहनेछ।

## परिच्छेद- चार
## अन्य व्यवस्था

४.१.गाउँ कार्यपालिकाले  स्वीकृत गरेको मितिदेखि यो कार्यविधि लागु हुनेछ र यस सम्बन्धमा बनेको सम्पूर्ण अघिल्लो कार्यविधिहरु खारेज हुनेछ

४.२. खिजीदेम्वा गाँउपालिका भित्रका सामुदायिक विद्यालयहरुमा यस पछि रिक्त हुने सम्पूर्ण विद्यालय कर्मचारी र बालविकास शिक्षक (सहजकर्ता) को कोटामा पद पूर्ती गर्दा यस कार्यविधि बमोजिम गर्नु पर्नेछ ।